नेपाल सरकार

## सघिय मामिला तथा स्थानीय विकास मंत्रालय

# जिल्ला विकास समितिको कार्यालय,सुर्खेत

## सूचना प्रकाशित गरिएको ।

### पहिलो पटक प्रकाशित मिति २०७३/७/१२

यस कार्यालयबाट आगामी आ.व. २०७३/०७४ को लागि उठाईने आन्तरिक श्रोत तर्फको तपशिलमा उल्लेखित कार्यहरुको ठेक्का पट्टाका लागि ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | ठेक्काको विवरण | न्यूनतम अंक | न्यूनतम धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | सुर्खेत जिल्ला अन्तर्गत वी.न.न.पा, साटाखानी, कल्याण ,लेखपराजुल गा.बि.स.को अन्तरगत पर्ने भुप्रा खोला,चिङ्गाड खोला र सत्तरी खोला बाट ढुङ्गा,गिट्टी,वालुवा,ग्राभेल | ४५,६६,०००।-अक्षरुपी ( पैतालिस लाख छैसठी हजार रुपैयां मात्र ) | रु, २,२८,३००।- | रु, १,०००।- |

**कामको विवरण** : आ.व. २०७३/०७४ को लागि ढुङ्गा,गिट्टी,वालुवा,ग्राभेल माटो को सेवा शुल्क / कर उटाउने ठेक्का ।

**ठेकेदारले उठाउन पाउने दरहरु** :

**क)** रोडा ,गिट्टी ,वालुवा ,ग्राभेल ,माटो

(१) ट्रक/ट्रिप्पर प्रति ट्रिपको रु, २५० ।- (दुई सय पचास )

(३) पावर टेलर प्रति ट्रिपको रु, ३०।- (*तिस* )

(३) ट्रयाक्टर प्रति ट्रिपको रु, १५०।- (एकसय पचास)

(४) माटो ट्रक/ट्रिप्पर प्रति ट्रिपको रु, १००।- (एकसय)

(५) माटो ट्रयाटर प्रति ट्रिपको रु, ७५-। (पचहत्तर)

१) मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका फर्म वा व्यक्तिले मात्र खरिद गर्न सकिनेछ, साथै खरिद गर्दाको बखत आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाण पत्र पेश गर्नुपर्नेछ

२) ढुङ्गा,गिट्टी,वालुवा,ग्राभेल पूलको दायां बायां २०० मिटरभित्र वन क्षेत्र र कुनै व्यक्तिको घर जग्गा, कूलो ,बांध, सार्वजनिक स्थल आदीबाट निकाल्न पाईने छैन ।

३) ठेक्का अवधीमा कुनै बन्द हड्ताल,चक्काजाम भएता पनि ठेक्का कबोल गरिसकेपछि ठेक्का रकम मिनाहा गरिने छैन । ठेक्का रकम पूरै बुझाउनु पर्नेछ ।

४) ठेक्का अवधी २०७३ साल पौष १ देखि २०७४ साल असार मसान्तसम्म हुनेछ ।

५) ठेक्का कबोल रकम २ किस्तामा बुझाउनु पर्ने छ । स्वीकृत रकम बमोजिमको प्रथम किस्ता बुझाई सम्झौता गर्नुपर्नेछ र बांकी अवधिको लागि दोश्रो किस्ताको रकम वापत ठेक्का अवधिको बैंक ग्याण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । दोश्रो किस्ता २०७४ साल बैशाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ । साथै ठेकेदारले कबोल गरेको सम्पूर्ण रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा कबोल अंकको १० प्रतिशत रकम छुट दिईने छ ।

६) नेपाल सरकार वा जिल्ला विकास समितिले समय समयमा दिएको आदेश तथा निर्देशन ठेकेदारले पूर्णतया पालना गर्नुपर्ने छ । ठेक्का सम्बन्धी कुनै विवाद भएमा जिल्ला विकास समितिको निर्णय अन्तिम निर्णय हुनेछ ।

७) बोलपत्र फाराम सूचना भएको मितिले ३० औं दिन २०७३/८/११ गते भित्र यस जि.बि.स. को कार्यालयबाट तोकिएको दस्तुर फिर्ता नहुने गरी खरिद गरी सो को भोलिपल्ट दिनको १२:०० बजे सम्म यस कार्यालयमा बोलपत्र दर्ता गराउनु पर्ने छ । र दर्ता भएका भएका शिलवन्दी वोलपत्र सोही दिनको २.०० बजे कार्यालय प्रतिनिधि र वोलपत्रदाताको रोहवरमा खोलिने छ । बोलपत्र वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

**(८)** वोलपत्र दर्ता गराउंदा कवोल गरेको रकमको ५ प्रतिशत धरौटी वापत जिल्ला विकास समितिको कार्यालय सुर्खेत स्थित हि.नं. ४०८०३०३००००१ स्थानीय निकाय धरौटी खाता मा नगदै जम्मा गरेको बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट कम्तिमा १२० दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) पत्र वोलपत्र साथ पेश गर्नुपर्नेछ वा नगदै जम्मा गर्नु पर्नेछ ।

९) वोलपत्र खरिद गर्ने दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुनेछ ।

१०) वोलपत्रमा कवोल रकम अंक र अक्षर दुवैमा प्रष्टसंग लेखिएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउंमा सहिछाप हुनु पर्नेछ

११) विगतमा यस कार्यालयलाई रकम भुक्तानी गर्न वांकी रहेका व्यक्ति वा फर्मले रकम नबुझाएसम्म बोलपत्र खरिद गर्न वा दर्ता गर्न पाईने छैन ।

१२) ठेक्कापट्टा सम्बन्धी कार्य वापत लाग्ने कर, दस्तुर आदी शुल्क ठेकेदार आफैले बुझाउनु पर्नेछ

१३) माथि उल्लेखित बोलपत्र स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४) म्याद नाघी वा रित नपुगी पेश हुन आएका बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

१५) अन्य विस्तृत कुरा बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

.......................................

स्थानीय विकास अधिकारी, सुर्खेत।